भरतपुर उप-महानगरपालिका कार्यालय
भरतपुर, चितवन, नेपाल, स्था. २०३५
BHARATPUR SUB-METROPOLITAN CITY OFFICE
Bharatpur, Chitwan, Nepal, Estd. 1979

प.सं.०७२/०७३/ प्र.शा.
च.नं.११२८०

मिति :२०७२/०९/१२

श्री संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय
(नगरपालिका व्यवस्था शाखा)
सिंहदरवार,काठमाण्डौ ।

विषय : वोर्ड वैठकको निर्णय पठाईएको ।

यस भरतपुर उप-महानगरपालिकाको मिति २०७२/०९/७, ८ र ९ गते बसेको वोर्ड वैठकबाट पारित निर्णयको छायाँप्रति पाना ३ (तिन ) को थान १ (एक) यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध गरिन्छ ।

**वोधार्थ :**
श्री सुचना शाखा,
भ.उ.म.न.पा.कार्यालय (उक्त निर्णय न.पा. को वेभ साइडमा राख्नु हुन) ।

..........................
टीकाराम कंडेल
बरिष्ठ प्रशासकीय अधिकृत
बरिष्ठ प्रशासकीय अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / bmc@gmail.com, website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट उप-महानगरपालिका घोषणा मिति मङ्सिर १६, २०७१)

Scanned by CamScanner

ति २०६२ साल पौष ६ गते मंगलवारका दिन बिहान ८.०० बजे यस भरतपुर उप-
पालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल ज्यूको अध्यक्षतामा
ज्यारको उपस्थितिमा बसी देहाय बमोजीम निर्णय गरियो।

उपस्थिति

तथा कार्यकारी अधिकृत श्री महेश बराल

आमन्त्रित

प्रशासकीय अधिकृत श्री टीकाराम कडेल

सु. श्री तेजराज खनाल

निर्णय नं. १

यस भरतपुर उप-महानगरपालिकाको दोस्रो नगर परिषद् मिति २०६२ साल पौष २८
गते मंगलवार दिनको ११.०० बजे गर्ने निर्णय गरियो।

निर्णय नं. २

मालपोत कार्यालयको (चितवन) प.सं. ०६२।०६३ च.नं. ६४२६ मिति २०६२।९।२५ गतेको
प्राप्त पत्र अनुसार दोस्रो रजिष्टर थान ३०(तिस) छपाई गरे बापतको रकमको बिल -
खरिद आदेश तथा दाखिला रिपोर्ट साथ मुन स्टार छापाखानालाई भुक्तानी दिनको लागी
अनुरोध भई आएकोले रु. ५०,०००।- अक्षरुपी पचासहजार रुपैया मात्र भुक्तानी दिने निर्ण-
य गरियो।

नेर्णय न. ३.

सार्वजनिक निजि साझेदारि कार्यकम PPP को विस्तृत अध्ययन गर्ने कार्यको लागी परामर्श नियुक्ती गर्न
परामर्शदाता वाट रित पुर्वक पेश भएका प्राविधिक प्रस्तावको सार्वजनिक खरिद नियमावली २०६४को नियम ७६ को (
३) र (४) वमोजिम निम्न अनुसार उच्चतम अंक प्राप्त गर्ने प्रस्तावदाता देखि कमश सुचि तयार गरि सार्वजनिक
खरिद नियमावली २०६४को नियम ७७ वमोजिमको मुल्यांकन प्रतिवेदन उ.म.न.पा. वोर्ड समक्ष पेश भएकोमा
सार्वजनिक खरिद नियमावली २०६४को नियम ७८ वमोजिम प्रस्तावदाताहरुलाई आर्थिक प्रस्ताव खोल्न ७ सात दिनको
सुचना दिने निर्णय गरियो।

| क.स. | परामर्शदाताको नाम ठेगना | प्राप्तांक | कैफियत |
|---|---|---|---|
| १. | Multi Displinary Consultants (P)Ltd and Clean Development (P) Ltd Kathmandu JV | ७६.६० | |
| २. | H.D. Nepal Consultants Group (P) ltd Jhamsikhel Lalitpur | ७६.४० | |
| ३. | NEST (P) Ltd and Bright Future International (P) Ltd Kathmandu JV | ७३.४० | |
| ४ | Lumbini Social Development Center Arghakhachi | ६७.४० | |

Scanned by CamScanner

आज मिति २०७२ साल पौष ८ गते बुधबारका दिन बिहान ९.१० बजे यस भरतपुर उप-महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल ज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

आमन्त्रित

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कँडेल

कर अधिकृत श्री लिला राज खरेल

ना.सु. श्री तेजराज खनाल

निर्णय नं. १

यस भरतपुर उप-महानगरपालिका क्षेत्रभित्र विभिन्न व्यवसायीक सामाग्रीको विज्ञापन तथा प्रचार प्रसार समाग्रीको लाग्ने विज्ञापन कर रकम संकलन गर्ने कार्य ठेक्काबाट संचालन गर्नका लागि नगर स्तरीय राजश्व परामर्श समिति समेतको सिफरिसका आधारमा निम्नानुसारको न्यूनतम कबोल अंक कायम गरि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**विज्ञापनकर रकम संकलन ठेक्का सम्बन्धी प्रकाशित सूचना**

सूचना प्रकाशित मितिः-२०७२।०९।१०

यस उप-महानगरपालिका क्षेत्रभित्र विभिन्न व्यवसायीक सामाग्रीको विज्ञापन तथा प्रचार प्रसारका लागि स्विकृत गरिएका स्थान तथा निजी,सरकारी तथा संघसंस्थाहरुको घर,टहराहरु,जग्गा तथा स्विकृत भएको सडकका दायांवायां रहेका पोलहरु माथि राखिएका होर्डिङ्गवोर्ड, (उ.म.न.पा.को होर्डिङ्गवोर्डलाई निरुसाहित गर्ने नीति रहेको व्यहोरा अनुरोध गर्दै ) व्यानर तथा चाडवाड तथा मेला महोत्सवमा गरिने प्रचार प्रसार सामाग्रीहरुको आ.व.०७२।७३ को ( बांकी अवधि ) र आ.व. ०७३।७४ सम्मका लागि स्थानीय स्वायत्तशासन ऐन,नियमानुसार लिन पाउने विज्ञापन कर निजी क्षेत्रको संलग्नता गराई संकलन गर्ने निर्णयानुसार यो सूचना प्रकाशित गरिएकोछ । उल्लेखित कार्य गर्नका लागि इच्छुक म.अ.करमा दर्ता भएका विज्ञापन एजेन्सी संग सम्बन्धित संस्था तथा फर्महरुले यो सूचना प्रकाशित मितिले ~~१५ (पन्ध्र)~~ ३० (तीस) दिन सम्ममा यस भरतपुर उप-महानगरपालिका कार्यालयको राजश्वशाखा बाट वोलपत्र फाराम रु. १,०००।- मा खरिद गरि, ~~सोही~~ एकतीसौं दिन दिनको १२.०० वजे सम्ममा बोलपत्र फाराममा आफ्नो कबोल रकम अंक र अक्षरमा प्रष्ट उल्लेख गरि ( तोकेको न्यूनतम रकम भन्दा माथि कबोल गर्नु पर्ने ) , दुई बर्षका लागि जम्मा हुन आउने कबोल रकमको ५ पांच प्रतिशतले हुने रकम धरौटी वापत यस भ.उ.म.न.पा.को भरतपुर स्थित रा.वा.बैंक भरतपुर शाखामा रहेको ग-३।०२ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गरि खाम बाहिर **भरतपुर उप-महानगरपालिका कार्यालयको आ.व.०७२।७३ देखि ०७३।७४ सम्मका लागि विज्ञापनकर रकम संकलन गर्ने ठेक्का सम्बन्धी वोलपत्र** लेखि शिलवन्दी गरि वोलपत्र भ.उ.म.न.पा. कार्यालयमा पेश गरि दर्ता गर्नु पर्नेछ । पेश हुन आएका बोलपत्रहरु ~~सोही~~ एकतीसौं दिन दिनको २.०० बजे साक्षी प्रतिनिधिको रोहवरमा भरतपुर उप-महानगरपालिका कार्यालयमा खोलिने छ । उल्लेखित दिनहरुमा सार्वजनिक विदा पर्न गएमा भोलीपल्ट कार्यालय खुलेको दिनलाई मानिनेछ । अन्य शर्तहरु वोलपत्र फाराममा उल्लेख भए अनुसार एवम प्रचलित कानून बमोजिम हुनेछ । यस सम्बन्धमा थप कुरा बुझ्न पर्ने भएमां यस कार्यालयको राजश्व शाखामा ( फोन ५२६९५१) सम्पर्क राख्न सकिनेछ । साथै यस उप-महानगरपालिका क्षेत्रभित्रका व्यवसायीले न.पा.मा दर्ता गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

**तपशिल**

| विवरण | आ.व.२०७२।०७३ | आ.व.२०७३।०७४ | जम्मा |
|---|---|---|---|
| न्यूनतम कबोल रकम | ७,००,०००।- | ११,२०,०००।- | १८,२०,०००।- |

Scanned by CamScanner

आज मिति २०७४ साल पौष ९ गते बिहीवारका दिन अपराह्न ४.०० बजे यस भरतपुर उप-महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बरालज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

आमन्त्रित

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कँडेल

कर अधिकृत श्री लिला राज खरेल

ना. सु. श्री तेजराज खनाल

निर्णय नं १

यस भरतपुर उप-महानगरपालिकाको नगरस्तरीय राजश्व परामर्श समितिको रिक्त रहेको सदस्यमा स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम ११८ क.को १(घ) बमोजिम यस भरतपुर उप-महानगरपालिका वडा नं ४ बस्ने लिलाधर पण्डितको नाती मुक्तिनाथ पण्डितको छोरा श्री कालीका प्रसाद पाण्डेल (एकिकृत सम्पत्ती कर दाता संकेत नं ०४-०६-००५८) लाई आफ्ना करदाता मध्येबाट नगरपालिकाले मनोनयन गर्ने नगरस्तरीय राजश्व परामर्श समितिको सदस्य पदमा मिति २०७४।९।१० गते देखि २(दुई) वर्षका लागी मनोनयन गर्ने निर्णय गरियो ।

०७४।९।१०